राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७८ साल असार ०९ गते बुधबारको दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६४औँ बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. आगामी आर्थिक बर्ष २०७८/०७९ को लागि प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान ( बजेट) स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ।

२. यस गाउँपालिकाको कार्यालय अन्तर्गत वडा नं. ९ मा मिति २०५५/०४/०३ देखि आ.ब. २०७२/०७३ सम्म अस्थायी कार्यरत रा.प.अनं. चतुर्थ, कार्यालय सहायक पदमा कार्यरत श्री खुप बहादुर मल्लको उपदान वापत २४ महिना बराबरको तलब, संञ्चित विरामी विदा वापत ६.४ महिना बरारबरको तलब, संञ्चित घर विदा वापत ६ महिना बराबरको तलब गरी जम्मा ३६.४ महिना बराबरको सुविधा रकम रु. ५,०१,५९२/ कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

३. राष्टिय परिचयपत्र कार्यक्रम अन्तर्गत वडा कार्यालयको प्रत्यक्ष रेखदेख र निगरानीमा भएको खर्च विल वमोजिमको रकम चालु तर्फको मिल्दो शीर्षकबाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

३/१०
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत